परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २७३ पष्ठ ४ २०८३ साउन ०७ गते बिहीबार 22 July, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## सरकार जनअपेक्षा अनुसार चल्न नसकेको : महामन्त्री पौडेल

● टक नेपाल

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले वर्तमान सरकारले जनताको अपेक्षाअनुसार काम गर्न नसकेको आरोप लगाएका छन् ।

नेपाल प्रेस युनियन महोत्तरी शाखाले जलेश्वरमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले जनताबाट बलियो जनादेश पाए पनि सरकारले जिम्मेवार ढंगले काम गर्न नसकेको टिप्पणी गरे ।




महामन्त्री पौडेलले सरकारले शासकीय अहंकार देखाउँदै सञ्चारमाध्यमको आवाज दबाउने, प्रतिपक्षलाई तर्साउने तथा राजनीतिक पूर्वाग्रहका आधारमा काम गरिरहेको आरोप लगाए। उनका अनुसार सरकार निष्पक्ष र उत्तरदायी हुनुपर्नेमा त्यसको विपरीत व्यवहार गरिरहेको छ ।

उनले विभिन्न विवादमा मुछिएका आफ्नै सांसद तथा मन्त्रीमाथि निष्पक्ष छानबिन नगरी सरकारले आफैं सफाइ दिने प्रवृत्ति अपनाएको आरोप लगाए। यस्तो अभ्यासले सुशासन, विधिको शासन तथा राज्यका निकायप्रतिको जनविश्वास कमजोर बनाएको उनको भनाइ थियो ।

महामन्त्री पौडेलले अर्थमन्त्रीको हालैको अभिव्यक्तिको पनि आलोचना गरे। जनताले ३ हजार ५ सय रुपैयाँ तिरेर लाखौं रुपैयाँ बराबरको सेवा-सुविधा पाउन नसक्ने भन्ने अभिव्यक्तिप्रति आपत्ति जनाउँदै उनले, "के राज्य व्यापारी हो ?" भन्ने प्रश्न गरे । उनले राज्यको प्रमुख दायित्व नागरिकलाई गुणस्तरीय सार्वजनिक सेवा र सामाजिक सुरक्षा सुनिश्चित गर्नु भएको उल्लेख गर्दै सरकार नागरिकप्रति उत्तरदायी बन्नुपर्नेमा जोड दिए ।

महामन्त्री पौडेलले प्रतिशोध र पूर्वाग्रहको राजनीति त्यागी संविधान, कानुन र लोकतान्त्रिक मूल्य-मान्यताअनुसार सरकार सञ्चालन गर्न आग्रह गरे ।

## धनुषामा बफर कोटाको रासायनिक मल वितरण सुरु



● टक नेपाल

कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधाम, धनुषाले मधेस प्रदेश सरकारले निर्धारण गरेको 'बफर' कोटाको रासायनिक मल वितरण सुरु गरेको छ।

धान रोपाइँको मुख्य समयमा रासायनिक मलको अभाव झेलिरहेका किसानलाई लक्षित गदै ' स्थानीय तहको सिफारिसका आधारमा बफर कोटाअन्तर्गतको युरिया र डिएपी मल वितरण सुरु गरिएको हो।

मधेस प्रदेश सरकारको गत असार ३१ गतेको निर्णयअनुसार स्थानीय तहगत रूपमा निर्धारण गरिएको बफर कोटाअनुसार युरिया र डिएपी मल बिक्री वितरण भइरहेको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामका सूचना अधिकारी बेचन साहले जानकारी दिए।

उनका अनुसार मल वितरण सुरु भएसँगै जिल्लामा देखिएको डिएपी मलको अभाव क्रमशः घट्दै गएको छ। साउनको दोस्रो सातासम्म थप युरिया र डिएपी मल आउने भएकाले जिल्लामा रहेको मल अभाव पूर्ण रूपमा हट्ने उनले बताए।

यसैबीच कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामले पछिल्लो एक वर्षको अवधिमा १८ हजार ७४५ दशमलव १ मेट्रिक टन रासायनिक मल किसानलाई वितरण गरेको जनाएको छ।

सूचना अधिकारी साहका अनुसार आर्थिक वर्ष २०८२/८३ मा कार्यालयले युरिया ११ हजार २४१ दशमलव ३५० मेट्रिक टन, डिएपी छ हजार ९६३ दशमलव ३०० मेट्रिक टन, पोटास ३७९ दशमलव ५५० मेट्रिक टन र कृषि चुन १६० दशमलव ९०० मेट्रिक टन वितरण गरेको छ।

सो अवधिमा कार्यालयले युरिया १० हजार ६१८ दशमलव ५०० मेट्रिक टन, डिएपी सात हजार २८९ मेट्रिक टन, पोटास ४६३ मेट्रिक टन र कृषि चुन २३५ मेट्रिक टन प्राप्त गरेको जनाएको छ । प्राप्त मलमध्ये अधिकांश किसानसम्म पुगिसकेको कार्यालयको दाबी छ।

धान रोपाइँको यामलाई ध्यानमा राख्दै आवश्यकताअनुसार मल वितरण र मौज्दात व्यवस्थापनलाई प्रभावकारी बनाइएको कार्यालय प्रमुख ध्रुव चौधरीले बताए।

उनका अनुसार किसानको मागअनुसार थप मल उपलब्ध गराउन सम्बन्धित निकायसँग समन्वय भइरहेको छ। चालु सिजनका लागि थप युरिया र डिएपी मल केही दिनभित्रै आइपुग्ने उनले जानकारी दिए।

## बालक मृत्यु प्रकरणमा नाबालिका नियन्त्रणमा



● टक नेपाल

महोत्तरीको सीमावर्ती सम्सी गाउँपालिका-५ पोखरभिण्डामा तीन वर्षीय बालक मनिकेश कुमार यादवको मृत्यु प्रकरणमा प्रहरीले एक नाबालिकालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ। प्रहरीले पक्राउ परेकी बालिकाको नाम सार्वजनिक गरेको छैन ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार गत जेठ २२ गते साँझ करिब ५ बजे घरबाहिर खेलिरहेका बेला बालक मनिकेश बेपत्ता हुनुभएको थियो । खोजतलासका क्रममा जेठ २४ गते साँझ करिब ५ बजे उहाँको शव घर नजिकैको पानी पोखरीमा बोराभित्र राखिएको अवस्थामा फेला परेको थियो ।

प्रहरीका अनुसार शव फेला परेपछि बालकले लगाएको चाँदीको बाला हराएको घटनाले थप अनुसन्धान गर्नुपर्ने अवस्था सिर्जना भएको थियो ।

घटनाको सूक्ष्म अनुसन्धानका क्रममा प्रहरीले एक १५ वर्षीया बालिकामाथि शंका गरी साउन ५ गते कार्यालयमा ल्याएर प्रारम्भिक सोधपुछ गरेको थियो । सो क्रममा बालिकाले घटनाबारे स्वीकारोक्ति दिएको प्रहरीको दाबी छ ।

प्रहरीका अनुसार बालिकाले दिएको बयानमा आफू साइकलमा करिब ३० किलो मल बोकेर खेततर्फ जाँदै गर्दा मुख्य सडकबाट भोला बाबा मन्दिरतर्फ जाने गल्लीको प्रवेश बिन्दुमा विपरीत दिशाबाट दौडिँदै आएका मनिकेश साइकलअगाडि आइपुगेको उल्लेख छ। साइकलमा ब्रेक नभएको र पछाडि मलको भारी रहेकाले नियन्त्रण गुमेर साइकलले बालकलाई ठक्कर दिएको तथा साइकलका दुवै चक्का बालकको छातीमाथिबाट गुज्रिएको बयान दिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार घटनापछि बालकको श्वासप्रश्वास जाँच गर्दा मृत्यु भएको थाहा पाएपछि घटना लुकाउने उद्देश्यले नजिकै रहेको शिवम् सिमेन्टको बोरामा शव राखी करिब ३०० मिटर टाढाको पानी पोखरीमा लगेर फालेको र बालकले लगाएको चाँदीका दुईवटा बाला निकालेर लुकाएको बयान बालिकाले दिएकी छन् ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी पञ्चलाल गोलेका अनुसार अनुसन्धानका क्रममा हराएका दशी प्रमाण तथा चाँदीका बाला नाबालिकाले लुकाएको स्थानबाट कानुनबमोजिम बरामद गरिएको छ।

नाबालिकाविरुद्ध महोत्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

विज्ञापन गानुपेमा
९८६३३२१०१४
९८०८७८२११४



# मधेसका ३४ स्थानीय तहमा विस्तार भयो करदाता सेवा




• टक नेपाल

मधेस प्रदेशका ३४ स्थानीय तहमा करदाता सेवा विस्तार भएको छ। नागरिकलाई सहज, छरितो र पहुँचयोग्य कर सेवा उपलब्ध गराउने उद्देश्यसहित सङ्घीय सरकारले अघि सारेको 'स्थानीय तहबाटै करदाता सेवा' अवधारणा मधेसमा कार्यान्वयनको चरणमा पुगेको हो।

सङ्घीयता लागू भएको करिब एक दशक बितिसक्दा पनि धेरै सार्वजनिक सेवा अझै केन्द्र वा जिल्ला सदरमुकाम केन्द्रित रहँदै आएका थिए। कर प्रशासन पनि त्यसबाट अलग थिएन। स्थायी लेखा नम्बर (प्यान) दर्ता, प्यान रूपान्तरण, आयकर दर्ता तथा अन्तःशुल्कसम्बन्धी सेवाका लागि सेवाग्राहीले टाढासम्म धाउनुपर्ने बाध्यता थियो। विशेषगरी ग्रामीण क्षेत्रका नागरिक र साना व्यवसायीका लागि यस्तो प्रक्रिया समय र खर्च दुवै हिसाबले कठिन थियो।

मधेस प्रदेशका आठ जिल्लाका १३६ स्थानीय तहमध्ये हालसम्म सप्तरी, धनुषा, सर्लाही, रौतहट र बाराका ३४ स्थानीय तहमा करदाता सेवा सञ्चालनमा आएको सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरूले जनाएका छन्।

आन्तरिक राजस्व कार्यालय लहानका प्रमुख अमित पौडेलका अनुसार सप्तरीका १८ वटै स्थानीय तहमा करदाता सेवा सुरु भइसकेको छ। राजविराज, सप्तकोशी, कञ्चनरुप, हनुमाननगर कंकालनी, शम्भुनाथ, खडक, बोदे बसाइन, डाक्नेश्वरी, सुरुङ्गा नगरपालिका तथा अग्निसाइर कृष्णासवरण, तिरहुत, महदेवा, तिलाठी कोइलाडी, राजगढ, विष्णुपुर, छिन्नमस्ता, बलान बिहुल र रुपनी गाउँपालिकाबाट सेवा उपलब्ध भइरहेको छ।

सिरहा जिल्लामा भने अहिलेसम्म कुनै पनि स्थानीय तहबाट करदाता सेवा सुरु हुन सकेको छैन। आन्तरिक राजस्व कार्यालय लहान र सदरमुकामस्थित कोष तथा लेखा नियन्त्रण कार्यालयमार्फत जिल्लाका सेवाग्राहीलाई सेवा दिइँदै आएको छ।

यस्तै धनुषाको मिथिला नगरपालिका र क्षीरेश्वरनाथ नगरपालिकाले करदाता सेवा सुरु गरेका छन्। आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख आनन्दकुमार गुप्ताका अनुसार जिल्लाका अन्य केही स्थानीय तहसँग सेवा विस्तारका लागि छलफल र सम्झौताको प्रक्रिया अघि बढिरहेको छ।

सर्लाहीमा लालबन्दी, बागमती, ईश्वरपुर, हरिवन, हरिपुर्वा र हरिपुर नगरपालिकाबाट करदाता सेवा सञ्चालनमा आएको छ। आन्तरिक राजस्व कार्यालय महोत्तरी बर्दिबासका सूचना अधिकारी रोविन साहका अनुसार बाँकी स्थानीय तहमा पनि सेवा विस्तारका लागि पहल भइरहेको छ।

आन्तरिक राजस्व कार्यालय सिमरा बाराका अनुसार रौतहटका सात स्थानीय तहबाट सेवा सुरु भएको छ। चन्द्रपुर, गरुडा, गुजरा, कटहरिया, गढीमाई र फतुवा विजयपुर नगरपालिकामा करदाता सेवा सञ्चालनमा आएको छ। बारामा भने जितपुर सिमरा उपमहानगरपालिकाबाट मात्र सेवा उपलब्ध भइरहेको छ।

रौतहट र बाराका अन्य स्थानीय तहमा पनि सम्झौता तथा कर्मचारी तालिमको प्रक्रिया भइरहेको र छिट्टै सेवा विस्तार गरिने आन्तरिक राजस्व कार्यालय सिमराका प्रमुख दिनेश पाण्डेले बताए। सिरहा, महोत्तरी र पर्साका स्थानीय तहमा भने अझै सेवा सुरु हुन सकेको छैन।

स्थानीय तहबाट करदाता सेवा सुरु भएपछि व्यक्तिगत तथा व्यवसायी स्थायी लेखा नम्बर जारी गर्ने, प्यान रूपान्तरण गर्ने र आयकर दर्तासम्बन्धी काम सहज भएको छ। अन्तःशुल्कसम्बन्धी इजाजत जारी तथा नवीकरणका लागि आवश्यक कागजात सङ्कलन र प्रारम्भिक प्रमाणीकरण पनि स्थानीय तहमै हुने व्यवस्था गरिएको छ। अन्तिम स्वीकृति भने आन्तरिक राजस्व कार्यालयबाट डिजिटल हस्ताक्षरमार्फत हुने व्यवस्था छ।

सप्तरीको तिरहुत गाउँपालिकाका अध्यक्ष विजय यादवले स्थानीय तहबाटै कर सेवा उपलब्ध हुँदा सेवाग्राहीको समय र खर्च बचत हुने बताए। उनका अनुसार सदरमुकामसम्म पुग्नुपर्ने बाध्यता हटेपछि करसम्बन्धी सेवामा नागरिकको पहुँच बढ्नेछ।

सङ्घीयता विज्ञ तथा राष्ट्रियसभाका पूर्वसदस्य डा. खिमलाल देवकोटाले स्थानीय तहबाट सेवा प्रवाह हुँदा नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने बताए। उनका अनुसार प्यान दर्ता वा नवीकरणका लागि जिल्ला सदरमुकाम पुग्नुपर्ने अवस्थाको अन्त्यसँगै कर प्रणालीप्रति नागरिकको विश्वास बढ्ने अपेक्षा गर्न सकिन्छ।

उनले स्थानीय तह नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने भएकाले करदाताको विवरण अद्यावधिक गर्न, करसम्बन्धी जनचेतना फैलाउन र नयाँ करदातालाई प्रणालीमा आबद्ध गराउन पनि सहयोग पुग्ने बताए। तर सेवा विस्तारमा जनशक्ति, प्राविधिक पूर्वाधार, तालिम र समन्वयको अभाव चुनौतीका रूपमा देखिएको छ। सिरहा, महोत्तरी र पर्साका स्थानीय तहमा सेवा सुरु हुन नसक्नु पनि यसको उदाहरण हो।

डिजिटल प्रणालीको प्रभावकारी प्रयोगलाई पनि महत्वपूर्ण पक्षका रूपमा हेरिएको छ। स्थानीय तहबाट कागजात सङ्कलन र प्रारम्भिक प्रमाणीकरण भए पनि अन्तिम स्वीकृति आन्तरिक राजस्व कार्यालयबाट डिजिटल माध्यमबाट हुने भएकाले प्रविधि र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिएको छ।

सङ्घीय सरकार, आन्तरिक राजस्व कार्यालय र स्थानीय तहबीच प्रभावकारी सहकार्य हुन सकेमा स्थानीय तहबाट करदाता सेवा विस्तार अभियान थप प्रभावकारी बन्न सक्ने अपेक्षा गरिएको छ।

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### सुखको खोजी भित्रबाटै सुरु हुन्छ

आधुनिक जीवनशैलीले सुखको परिभाषा नै बदलिदिएको छ। आज धेरैका लागि सुख भनेको धन, पद, प्रतिष्ठा र भौतिक सुविधा हासिल गर्नु हो। तर यी सबै प्राप्त गरेका धेरै मानिस पनि मानसिक तनाव, असन्तुष्टि र एक्लोपनसँग जुधिरहेका छन्। यसले स्पष्ट संकेत गर्छ कि सुख बाहिरी उपलब्धिमा होइन, भित्री सन्तुष्टिमा निहित हुन्छ।

प्रविधिले संसारलाई नजिक ल्याएको छ, तर मानिस आफ्नै मन र सम्बन्धबाट टाढिँदै गएको छ। सामाजिक सञ्जालले तुलना गर्ने प्रवृत्ति बढाएको छ, जसका कारण अरूको सफलता हेरेर आफ्नै जीवन अधुरो ठान्ने मनोवृत्ति विकसित भइरहेको छ। यस्ता कृत्रिम मापदण्डले सुख होइन, असन्तुष्टि बढाउँछन्।

साँचो सुख श्रमको सम्मान, आत्मीय सम्बन्ध, कृतज्ञता, क्षमाशीलता र वर्तमान क्षणलाई स्वीकार गने क्षमतामा भेटिन्छ। सामान्य जीवन बाँच्ने धेरै मानिस सीमित साधनमै सन्तुष्ट देखिन्छन्, किनभने उनीहरूका लागि सुख उपभोगभन्दा अनुभूति हो। परिवारको साथ, इमानदार परिश्रमको उपलब्धि र अरूका लागि केही गर्न पाएको अवसरले दिने आनन्द कुनै भौतिक सम्पत्तिले प्रतिस्थापन गर्न सक्दैन।

उपभोक्तावादले चाहना अनन्त बनाएको छ। एउटा लक्ष्य पूरा भएलगत्तै अर्को लक्ष्यको दौड सुरु हुन्छ। यस्तो अन्तहीन प्रतिस्पर्धाले सुखलाई सधैं भविष्यमा धकेलिरहन्छ। वास्तवमा, सुख भविष्यको प्रतिक्षा होइन, वर्तमानलाई अर्थपूर्ण रूपमा बाँच्ने कला हो।

आजको समाजले सुखलाई सफलता र सम्पत्तिसँग होइन, मानसिक शान्ति, मानवीय सम्बन्ध र सामाजिक उत्तरदायित्वसँग जोड्न सिक्नुपर्छ।

भौतिक विकास आवश्यक भए पनि त्यससँगै मानवीय मूल्य, सहानुभूति र आत्मसन्तुष्टिको विकास हुन सके मात्र जीवन वास्तवमै समृद्ध बन्न सक्छ। सुख बाहिर खोज्ने विषय होइन, आफ्नै सोच, व्यवहार र जीवनप्रतिको दृष्टिकोणमा लुकेको अनुभूति हो।

## मालपोत कार्यालय बर्दिवासको हकदावि सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

लाल बहादुर वुर्जाको नातिनी हर्क वहादुर वुर्जा मगरको छोरी जिल्ला धनुषा न.पा. मिथिला वडा नं.११ मा बस्ने वर्ष ५५ को रतन कुमारी पुलामी समेत २ छोरीहरु ले तपसिलमा उल्लेखित जग्गा मेरो नाताको ( हक) हर्क वहादुर वुर्जा मगरको नामको साविक दर्ता लगत भिडाई हाम्रो नाममा हर्क वहादुर वुर्जा मगरको नामवाट हाम्रो नाममा छुट जग्गा नामसारी दर्ता गरी पाउँ भनि द.नं. २९१७ मिति २०८२।१०।०७ को निवेदनबाट माग दावि गरेकोले माग बमोजिम निवदक नाममा छुट जग्गा दर्ता नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सवुत प्रमाण सहित भएको मितिलेबाटोको मयाद बाहेक ३५ दिन भित्र आफनो साबुत प्रमाण सहीत यस कार्यालयमा दिखित उजुरी गनृ आउनु होला अन्यथा कानुन बमोजिक भई जाने व्यहोरा जानकारी गराईन्छ।

**तपसिल**

| जिल्ला | गा.वि.स | वडा नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|
| महोत्तरी | २५ नं. ब. ग. | ४ ग | ६९ | ०-१७-१५ |
| महोत्तरी | २५ नं. ब. ग. | २ घ | १८ | ०-१८-७½ |






# मधेश सम्भावना र चुनौतीको भूमि : प्रचण्ड

● टक नेपाल



नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेश प्रदेशलाई चुनौती र सम्भावना दुवैको केन्द्रका रूपमा चित्रण गर्दै राष्ट्रिय स्वाधीनताको रक्षा, कम्युनिष्ट आन्दोलनको सुदृढीकरण तथा मुलुकको राजनीतिक स्थायित्वका लागि मधेशमा पार्टीलाई बलियो बनाउनु अपरिहार्य रहेको बताएका छन् ।

जनकपुरधामस्थित महेन्द्रनारायण निधि प्रतिष्ठानमा बुधबार आयोजित नेकपा मधेश प्रदेशको एकता बैठक तथा प्रशिक्षण कार्यक्रममा नवगठित मधेश प्रदेश समितिका एक हजार ३१ पदाधिकारी तथा सदस्यलाई सामूहिक रूपमा शपथग्रहण गराउँदै संयोजक प्रचण्डले नेपालको राष्ट्रियता, संविधान तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामाथि विभिन्न कोणबाट चुनौती थपिँदै गएको वर्तमान अवस्थामा परिवर्तन पक्षधर राजनीतिक शक्तिबीच सहकार्यको विकल्प नरहेको बताए । उनले राष्ट्रिय हित, राजनीतिक स्थायित्व तथा लोकतान्त्रिक उपलब्धिको संरक्षणका लागि कम्युनिष्ट शक्तिहरूबीच एकता अझै आवश्यक रहेको उल्लेख गर्दै वामपन्थी शक्तिहरूबीच ध्रुवीकरण र सहकार्यको प्रक्रिया निरन्तर अघि बढिरहेको बताए ।

संयोजक प्रचण्डले भने, 'कम्युनिष्ट तथा वामपन्थी शक्तिहरूबीच सहकार्य, ध्रुवीकरण र एकताको प्रक्रियालाई अगाडि बढाउने संकल्प हामीले गरेका छौं । अहिले देश असाधारण र जटिल राजनीतिक परिस्थितिबाट गुज्रिरहे को छ । राष्ट्रिय स्वाधीनताको प्रश्न अत्यन्त संवेदनशील र चुनौतीपूर्ण बनेको छ । यस्तो अवस्थामा परिवर्तनका पक्षमा उभिएका सबै शक्तिबीच सहकार्य अपरिहार्य छ ।' उनले शान्ति प्रक्रिया, १२ बुँदे समझदारी, संविधानसभा निर्वाचन तथा संविधान निर्माणजस्ता ऐतिहासिक उपलब्धि विभिन्न राजनीतिक दलबीचको सहकार्यबाट सम्भव भएको स्मरण गराउँदै वर्तमान परिस्थितिमा पनि त्यही सहकार्यको भावना आवश्यक रहेको बताए ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत राजनीतिक पहल जारी रहेको जानकारी दिँदै उनले आगामी दिनमा सहकार्यको दायरा अझ विस्तार गरिने बताए । संयोजक प्रचण्डले मधेश प्रदेशलाई जनसंख्या, भूराजनीतिक अवस्था, आर्थिक सम्भावना तथा राष्ट्रिय एकताको दृष्टिले अत्यन्त महत्वपूर्ण प्रदेशका रूपमा व्याख्या गर्दै पार्टीले यस प्रदेशलाई विशेष प्राथमिकतामा राखेको स्पष्ट पारे । उनले भने, 'मधेश सम्भावना र चुनौती दुवैले भरिएको प्रदेश हो । यहाँ पार्टीलाई मजबुत बनाउन सक्यौं भने समग्र कम्युनिष्ट आन्दोलनले नयाँ गति लिन्छ । यदि त्यसो गर्न सकेनौं भने पार्टी र आन्दोलन दुवै गम्भीर चुनौतीमा पर्न सक्छन् । त्यसैले मधेश हाम्रो विशेष प्राथमिकतामा रहेको प्रदेश हो ।' राष्ट्रिय स्वाधीनता, संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि परिवर्तन पक्षधर सबै राजनीतिक शक्तिबीच साझा समझदारी आवश्यक रहेको उल्लेख गर्दै उनले कम्युनिष्ट शक्तिदेखि नेपाली कांग्रेससम्मका लोकतान्त्रिक शक्तिहरूसँग राष्ट्रिय मुद्दामा सहकार्य हुनुपर्ने धारणा व्यक्त गरे । उनले वामपन्थी शक्तिहरूबीच एकताको पहल गर्ने जिम्मेवारी आफ्नो पार्टीले लिएको उल्लेख गर्दै नेकपा (एमाले)सँग समेत सहकार्य र एकताको सम्भावनाबारे संवाद जारी रहेको जानकारी दिए ।

पार्टी संगठनलाई थप प्रभावकारी र गतिशील बनाउन आगामी मङ्सिरमा हुने महाधिवेशनबाट नेतृत्वमा पुस्तान्तरणलाई प्राथमिकता दिइने जानकारी दिँदै उनले पार्टीका विभिन्न कमिटीमा कम्तीमा ५० प्रतिशत युवालाई नेतृत्वमा समेट्ने योजना रहेको बताए । युवाको सक्रिय सहभागिताबाट पार्टीलाई समयानुकूल, ऊर्जाशील र जनमुखी बनाउने लक्ष्य रहेको उनको भनाइ थियो ।


सो कार्यक्रममा नवगठित एक हजार ३१ सदस्यीय मधेश प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूले संयोजक प्रचण्डसमक्ष सामूहिक रूपमा शपथग्रहण गरेका थिए। त्यसलगत्तै आयोजित प्रशिक्षण कार्यक्रममा पार्टी संगठन विस्तार, वैचारिक स्पष्टता, वर्तमान राजनीतिक परिस्थिति, जनपरिचालन तथा वाम आन्दोलनको भावी रणनीतिबारे शीर्ष नेताहरूले प्रशिक्षण दिएका थिए ।

सो प्रशिक्षण कार्यक्रममा पार्टीका सह-संयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, नेता मातृकाप्रसाद यादव, मधेश प्रदेश इन्चार्ज महेन्द्रराय यादव, रामचन्द्र झा, गिरिराजमणि पोखरेल तथा मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईलगायत नेताहरूको उपस्थिति रहेको थियो ।

वामपन्थी शक्तिहरूबीच एकताको सन्देश प्रवाह गर्ने उद्देश्यले आयोजित कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका नेता तथा कार्यकर्ताको उल्लेखनीय सहभागिता रहेको थियो । नेकपाले प्रदेशस्तरीय संगठन सुदृढीकरण अभियानलाई तीव्र बनाउने रणनीतिअन्तर्गत उक्त कार्यक्रम आयोजना गरेको जनाएको छ ।

# असारको विद्युत बिलमा भ्याट, प्राधिकरणको निर्णयमाथि कानुनी प्रश्न

● टक नेपाल




नेपाल विद्युत प्राधिकरणले असार महिनाको विद्युत खपतको बिलमा नै मूल्य अभिवृद्धि कर (भ्याट) समावेश गरेपछि यसको कानुनी वैधतामाथि प्रश्न उठेको छ ।

आर्थिक ऐन, २०८३ अनुसार विद्युत खपतमा भ्याट साउन १ गते देखि लागू हुने व्यवस्था भए पनि प्राधिकरणले साउन ५ गतेदेखि जारी गरिएका बिलमा असारको खपतमा समेत भ्याट जोडेको छ । प्राधिकरणले भ्याट लागू गर्न बिलिङ प्रणाली अद्यावधिक गर्ने उद्देश्यले साउन १ देखि ४ गतेसम्म सबै बिलिङ काउन्टर बन्द गरेको थियो ।

प्रणाली परिमार्जनपछि साउन ५ गतेदेखि जारी भएका सबै बिलमा भ्याट समावेश गरिएको छ । यस सम्बन्धमा कार्यकारी निर्देशकले असार ३२ गते नै मातहतका कार्यालयहरूलाई परिपत्र जारी गरेका थिए । प्राधिकरणका प्रवक्ता तथा वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख राजन ढकालको अनुसार नयाँ आर्थिक वर्षसँगै ५ प्रतिशत भ्याट लागू हुने गरी बिलिङ प्रणाली अद्यावधिक गरिएको छ । उनका अनुसार साउनमा जारी हुने बिल असारको खपतको भए पनि बिल जारी हुने मिति साउनमा पर्ने भएकाले प्रचलित व्यवस्थाअनुसार भ्याट समावेश गरिएको छ ।

ढकालले आर्थिक वर्षको अन्त्यमा १२ महिनाको समग्र हिसाब गर्दा यो प्रणालीगत अन्तर स्वतः समायोजन हुने भएकाले ग्राहक वा आन्तरिक राजस्व कार्यालयलाई दीर्घकालीन असर नपर्ने दाबी गरेका छन् । तर कर तथा कानुनका जानकारहरूले भने यो अभ्यास कानुनको भावना विपरीत भएको बताएका छन् । उनीहरूका अनुसार सरकारले साउनदेखि लागू हुने करलाई असारमा उपभोग भइसकेको सेवामा लागू गर्न मिल्दैन । कर विशेषज्ञ दीर्घराज मैनालीका अनुसार करको भूतप्रभावी प्रयोग गर्न पाइँदैन । उनका अनुसार जुन मितिबाट कर लागू हुन्छ, त्यसअघि उपभोग भइसकेको सेवा वा कारोबारमा नयाँ कर लगाउन कानुनी आधार हुँदैन । 'साउन १ गतेपछि हुने कारोबार र खपतमा मात्रै कर लाग्ने सिद्धान्त हो। असारको विद्युत खपतमा साउनको बिल देखाएर भ्याट जोड्न मिल्दैन । यदि नियमविपरीत कर उठाइएको हो भने त्यो गलत हो,' मैनालीले भने ।

पूर्वमहालेखापरीक्षक टंकमणि शर्माले पनि साउन महिनाको खपतको बिल भदौमा जारी हुँदा मात्र भ्याट लाग्नुपर्ने धारणा व्यक्त गरेका छन् । उनको अनुसार आर्थिक ऐनले साउनदेखि लागू हुने व्यवस्था गरेको हुँदा त्यसअघि उपभोग भएको विद्युतमा भ्याट लगाउन नमिल्ने छ । आन्तरिक राजस्व विभागका सूचना अधिकारी केशव रघुवंशीले पनि असारको खपतमा भ्याट नलिनुपर्ने बताए । उनका अनुसार प्राधिकरणले प्रणालीगत कारण देखाएर भ्याट समावेश गरेको हुन सक्छ, तर यस विषयमा उपभोक्ताबाट उजुरी आउन सक्ने सम्भावना छ ।

चालु आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत सरकारले पहिलो पटक विद्युत महसुलमा भ्याट लागू गरेको छ । नयाँ व्यवस्थाअनुसार घरायसी ग्राहकले मासिक ५० युनिटसम्म विद्युत खपत गरेमा भ्याट छुट हुनेछ। ५० युनिटभन्दा बढी विद्युत प्रयोग गर्ने घरायसी ग्राहकले ५ प्रतिशत तथा औद्योगिक, व्यापारिक र अन्य गैर-गार्हस्थ्य ग्राहकले १३ प्रतिशत भ्याट तिर्नुपर्ने व्यवस्था गरिएको छ ।

सरकारले आर्थिक विधेयकमार्फत मूल्य अभिवृद्धि कर ऐनको अनुसूची-१ संशोधन गरी विद्युतमा भ्याट छुटको सीमा स्पष्ट पारेको छ । निजी उत्पादकबाट प्राधिकरणलाई हुने विद्युत बिक्रीसमेत छुटको दायरमा राखिएको छ भने अन्य सबै कारोबारमा प्रचलित दरअनुसार भ्याट लाग्नेछ । प्राधिकरणको प्रतिवेदनअनुसार गत आर्थिक वर्षसम्म कुल ग्राहक संख्या ५७ लाख १० हजार पुगेको छ, जसमा करिब ९१ प्रतिशत गार्हस्थ्य उपभोक्ता छन् । औद्योगिक ग्राहक १.२३ प्रतिशत र व्यापारिक तथा अन्य ग्राहक ७.६९ प्रतिशत छन् ।

सामुदायिक ग्रामीण विद्युतीकरणमार्फत सेवा लिइरहेका करिब ३ लाख ३० हजार उपभोक्ता भने यो तथ्याङ्कमा समावेश छैनन् ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमर्जेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# वीरगन्ज भन्सारको राजस्व १८ अर्बले बढ्यो, लक्ष्यको ८९.२४ प्रतिशत मात्रै असुली




• टक नेपाल

वीरगन्ज भन्सार कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा दुई खर्ब ४३ अर्ब ९६ करोड ४५ लाख ८४ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ यो विभागले निर्धारण गरेको दुई खर्ब ७३ अर्ब ३९ करोड ४७ लाख ९५ हजार रुपैयाँ लक्ष्यको ८९.२४ प्रतिशत हो ।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा कार्यालयले दुई खर्ब २५ अर्ब ७३ करोड ४९ लाख ३१ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो। त्यसको तुलनामा गत आर्थिक वर्षमा १८ अर्ब २२ करोड ९६ लाख ५३ हजार रुपैयाँले राजस्व वृद्धि भएको छ ।

यद्यपि, भन्सार विभागले मासिक रूपमा निर्धारण गरेको राजस्व लक्ष्य कार्यालयले कुनै पनि महिनामा पूरा गर्न सकेन। साउनमा लक्ष्यको ८७.९ प्रतिशत, भदौमा ९४.०४ प्रतिशत, असोजमा ८४.५६ प्रतिशत, कात्तिकमा ७३.३३ प्रतिशत, मङ्सिरमा ९७.५१ प्रतिशत, पुसमा ९१.८४ प्रतिशत, माघमा ८८.८८ प्रतिशत, फागुनमा ९०.०३ प्रतिशत, चैतमा ९४.९६ प्रतिशत, वैशाखमा ९१.३४ प्रतिशत, जेठमा ८५.८१ प्रतिशत र असारमा ९१.७४ प्रतिशत राजस्व सङ्कलन भएको थियो ।

कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार पेट्रोलियम पदार्थको आयात घट्नु, विद्युतीय सवारी (इभी) को आयात बढे पनि अन्य सवारीसाधनको आयात कम हुनु तथा समग्र व्यापार विस्तार अपेक्षाअनुसार हुन नसक्नु लक्ष्य पूरा नहुनुका प्रमुख कारण हुन् ।

२०८२ साउन १ गतेदेखि वीरगन्ज भन्सार कार्यालय र सुक्खा बन्दरगाह भन्सार कार्यालय गाभिएर एउटै वीरगन्ज भन्सार कार्यालय बनेको छ हाल यसअन्तर्गत मटिअर्वा, सिर्सिया, पिपरपाती, सिम्रौनगढ, भिस्वा अमृतधारा (ठोरी), कवही, कचोर्वा, अलौ, गाढपस्रौनी र जानकीटोला सहित ११ वटा छोटी भन्सार कार्यालय सञ्चालनमा छन् ।

वीरगन्ज नाका नेपालकै प्रमुख व्यापारिक प्रवेशद्वारमध्ये एक हो। भन्सार विभागको कुल राजस्व सङ्कलनमध्ये करिब ४६ देखि ४८ प्रतिशत हिस्सा यही कार्यालयबाट उठ्ने गरेको छ यस नाकामार्फत भारत तथा तेस्रो मुलुकसँग सवारीसाधन र तिनका पार्टपुर्जा, पेट्रोलियम पदार्थ, एलोपेथिक औषधि, विद्युतीय उपकरण, खाद्यान्न, प्लास्टिकका कच्चा पदार्थ, फलामजन्य सामग्री, औद्योगिक मेसिनरी, कोइला लगायतका वस्तु आयात हुने गरेका छन् ।

त्यसैगरी भटमास तथा सूर्यमुखीको प्रशोधित तेल, फलफूलको जुस, फलाम तथा फलामजन्य सामग्री, सेन्थेटिक यार्न, विभिन्न किसिमका कपडा, पशु आहारका कच्चा पदार्थ, आयुर्वेदिक औषधि तथा घरपालुवा जनावरका लागि प्रयोग हुने खाद्य सामग्री निर्यात हुने गरेको कार्यालयले जनाएको छ ।

# मिटरब्याज सहमतिविरुद्ध साहु–महाजन आन्दोलनमा

• टक नेपाल

सरकार र मिटरब्याज पीडितबिच भएको नौबुँदे सहमतिप्रति असन्तुष्टि जनाउँदै ऋण लगानी गर्ने साहु-महाजनहरू आन्दोलनमा उत्रिएका छन्। मङ्गलबार जनकपुरधामस्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला अदालतअगाडि प्रदर्शन गर्दै उनीहरूले सरकारसँग उक्त सहमति तत्काल खारेज गर्न माग गरेका हुन् ।




पीडित लेनदेन संघर्ष समितिको नेतृत्वमा भएको प्रदर्शनमा सहभागीहरूले 'नौबुँदे सम्झौता खारेज गर' र 'गृहमन्त्री र ाजीनामा दे' लगायतका नाराबाजी गरेका थिए ।

समितिका संयोजक विजय यादवले सरकारले कानुनी प्रक्रिया तथा सरोकारवालासँग पर्याप्त छलफल नगरी मिटरब्याज पीडितसँग एकतर्फी सहमति गरेको आरोप लगाउनुभयो। उहाँले उक्त सहमतिका कारण कानुनी रूपमा ऋण लगानी गर्ने साहु-महाजनहरू थप समस्यामा परेको दाबी गर्नुभयो ।

यादवले नौबुँदे सहमतिको पुनरावलोकन गर्दै सबै पक्षको सहभागितामा समाधान खोज्नुपर्ने माग गर्नुभयो । गाउँघरमा बिरामी पर्दा, मृत्युजस्ता आकस्मिक अवस्थामा वा बैंकबाट सहज रूपमा ऋण नपाउँदा साहु-महाजनले गर्दै आएको सहयोगको परम्परा सरकारको निर्णयका कारण प्रभावित हुँदै गएको उहाँको भनाइ छ ।

यसअघि मिटरब्याज पीडितहरूले असार २५ गते जनकपुरधामस्थित तिरहुतिया गाछीबाट पदयात्रा गर्दै आन्दोलन सुरु गरेका थिए। पाँच दिनपछि गृहमन्त्री सुदन गुरुङले बाराको निजगढमा पीडितसँग भेट गरेपछि सरकार र पीडित पक्षबिच नौबुँदे सहमति भएको थियो ।

**सहमतिमा के छ ?**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव पुष्कर सापकोटाको नेतृत्वमा रहेको सरकारी वार्ता टोली र पीडित पक्षबिच भएको सहमतिअनुसार सरकारले मिटरब्याजलाई आर्थिक अपराधका रूपमा परिभाषित गर्दै यसको पूर्ण उन्मूलनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने सहमति गरेको छ ।

सहमतिमा फर्जी तमसुक, दृष्टिबन्धक, छिनुवा पास तथा बाध्यकारी चेक स्वतः अवैध र खारेज हुने व्यवस्था गर्ने उल्लेख छ ।

त्यस्तै, गृह मन्त्रालयले तीन महिनाभित्र मिटरब्याज नियन्त्रणसम्बन्धी विशेष ऐनको मस्यौदा तयार गर्ने, मुद्दा हेर्न छुट्टै न्यायाधिकरण गठन गर्ने तथा पीडितको सम्पत्ति फिर्ता र उचित क्षतिपूर्तिको व्यवस्था गर्ने सहमति भएको छ ।

वडा कार्यालयमार्फत हुने लेनदेन प्रमाणीकरणका क्रममा रकमको वैधानिक स्रोत र बैंक कारोबारको प्रमाण अनिवार्य गर्ने तथा आपराधिक लाभ वा भ्रष्टाचारबाट आर्जित रकम मिटरब्याजमा लगानी गर्नेलाई कडा कारबाही गर्ने व्यवस्था पनि सहमतिमा समेटिएको छ ।

नयाँ ऐनमा वास्तविकभन्दा बढी रकमको कागज बनाउने, ब्याजलाई साँवामा जोड्ने, ऋणीलाई भर्पाई नदिने, अत्यधिक ब्याज असुल्ने, धम्की दिने, शारीरिक तथा मानसिक शोषण गर्ने, खाली चेक वा कागजमा जबर्जस्ती हस्ताक्षर गराउने तथा सम्पत्ति हडप्ने कार्यलाई अपराधका रूपमा परिभाषित गरिने उल्लेख छ ।

साथै मिटरब्याजीमाथि फरेन्सिक परीक्षण, सम्पत्तिको स्रोत छानबिन तथा सम्पत्ति शुद्धीकरण ऐनअन्तर्गत अनुसन्धान गरिने र अदालतमा विचाराधीन मुद्दामा पीडितलाई न्याय दिलाउन आवश्यक कानुनी अवरोध हटाउने सहमति भएको छ ।

पीडितका गुनासा सम्बोधन गर्न केन्द्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा उच्चस्तरीय समन्वय समिति र छुट्टै डेस्क स्थापना गरिनेछ ।

जिल्लास्तरमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा पीडितका तीन प्रतिनिधिसहित सहजीकरण समिति गठन गरी छ महिनाभित्र सबै उजुरी फछ्र्योट गर्ने व्यवस्था पनि सहमतिमा उल्लेख छ ।

पुनः मिटरब्याजको चक्रमा पर्न नदिन वार्षिक बजेटमार्फत आर्थिक सहायता तथा राहत प्याकेज ल्याउने सहमतिपछि मिटरब्याज पीडितहरूले आन्दोलनका सबै कार्यक्रम स्थगित गरेका थिए ।




# भ्रष्टाचारका उजुरीमा मधेश प्रदेश अग्रस्थानमा




• टक नेपाल

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासमा आर्थिक वर्ष २०८२/८३ मा सबैभन्दा बढी भ्रष्टाचारसम्बन्धी उजुरी मधेश प्रदेशबाट दर्ता भएका छन् ।

आयोगका अनुसार गत आर्थिक वर्षमा मधेश प्रदेशबाट कुल ३ हजार ७ सय ३९ वटा उजुरी दर्ता भएका छन्। तथ्याङ्कले मधेश प्रदेशमा सुशासन तथा भ्रष्टाचार नियन्त्रण चुनौतीपूर्ण रहेको देखाएको आयोगको भनाइ छ ।

आयोगको कार्यक्षेत्रअन्तर्गत रहेका १० जिल्लामध्ये सबैभन्दा बढी उजुरी धनुषाबाट १ हजार १ सय ९५ वटा दर्ता भएका छन्। त्यसपछि महोत्तरीबाट ७ सय ८० र सिरहाबाट ६ सय ७७ वटा उजुरी परेका छन्। सबैभन्दा कम उजुरी रौतहटबाट आठ वटा मात्रै दर्ता भएका छन् ।

धनुषाका स्थानीय तहमध्ये सबैभन्दा बढी उजुरी विदेह नगरपालिकाविरुद्ध परेका छन् । उक्त नगरपालिकाका सम्बन्धमा १ सय २८ वटा उजुरी दर्ता भएका छन्। दोस्रो स्थानमा जनकपुर उपमहानगरपालिका रहेको छ, जहाँबाट १ सय २४ वटा उजुरी दर्ता भएका छन् ।

आयोगको कार्यालय बर्दिबासका सूचना अधिकारी प्रकाश पोखरेलका अनुसार सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार, सार्वजनिक पद र अधिकारको दुरुपयोग तथा सरकारी अनुगमन र कारबाही प्रभावकारी हुन नसक्दा भ्रष्टाचारसम्बन्धी उजुरी बढिरहेका छन् ।

यता, नागरिक समाजका अगुवाहरूले सार्वजनिक क्षेत्रको भ्रष्टाचार नियन्त्रणमा अपेक्षित प्रगति हुन नसकेको, सरकारले प्रभावकारी पहल नगरेको तथा अदालतका निर्णयसमेत प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा दण्डहीनता बढ्दै गएको बताएका छन् ।

# पुनौरा धाममा 'सीता करिडोर' निर्माण हुँदै, बिहार सरकारले ५०.८९ एकड जग्गा निःशुल्क दिन

• टक नेपाल

भारतको बिहार सरकारले माता सीताको जन्मस्थली पुनौरा धामलाई अन्तर्राष्ट्रिय धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रका रूपमा विकास गर्ने महत्वाकांक्षी योजना अघि बढाएको छ। यसका लागि 'सीता करिडोर' निर्माण गर्न मन्दिर न्यास समितिलाई ५०.८९ एकड जग्गा निःशुल्क हस्तान्तरण गर्ने निर्णय गरिएको छ ।

बिहार सरकारका अनुसार पुनौरा धामलाई अयोध्याको श्रीराम मन्दिर र काशी विश्वनाथ धामको ढाँचामा विश्वस्तरीय धार्मिक गन्तव्यका रूपमा विकास गरिनेछ। परियोजनाको उद्देश्य स्वदेशी तथा विदेशी श्रद्धालु र पर्यटकलाई आधुनिक तथा व्यवस्थित सेवा-सुविधा उपलब्ध गराउनु हो ।

प्रस्तावित 'सीता करिडोर' अन्तर्गत मन्दिर परिसरको सौन्दर्यीकरण, फराकिलो सडक, पर्याप्त पार्किङ, यात्रु सेवा केन्द्र, धर्मशाला, होटल, हरित क्षेत्र, डिजिटल सूचना प्रणाली तथा अन्य पर्यटकीय पूर्वाधार निर्माण गरिनेछ ।

यस परियोजनाले रामायण सर्किटलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ । अयोध्या, जनकपुर र पुनौरा धामलगायत रामायणकालीन धार्मिक स्थलबीचको धार्मिक यात्रा अझ सहज, व्यवस्थित र आकर्षक बन्ने विश्वास गरिएको छ ।

पर्यटन क्षेत्रका जानकारहरूका अनुसार सीता करिडोर निर्माणपछि धार्मिक पर्यटनमा उल्लेखनीय वृद्धि हुनेछ । यसबाट होटल, यातायात, हस्तकला, स्थानीय व्यापार तथा पर्यटनमा आधारित रोजगारीका नयाँ अवसर सिर्जना हुने अपेक्षा गरिएको छ साथै, सीतामढी जिल्लाको स्थानीय अर्थतन्त्रलाई समेत नयाँ गति मिल्ने विश्वास व्यक्त गरिएको छ ।

बिहार सरकारको यो पहलले धार्मिक पर्यटन प्रवर्द्धनसँगै सांस्कृतिक सम्पदाको संरक्षण, रामायण सर्किटको अन्तर्राष्ट्रिय पहिचान विस्तार तथा स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

साइव अपाधबाट जोगिआं !!!

कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।

- बलियो पासवड राखां पासवडलाइ नियमित रुपमा पवितन गां ।
- अपर्िचित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलां ।
- अपर्िचित व्यक्तिले युजनेम पासवड मागे नदिआं ।
  ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद
- भिडियो वा अडियो कल नउठाआं । त्यस्ता कल पटक पटक आए ब्लक गां ।
  आफ्ना व्यक्तिगत विवणहरु (ओटिपी, युजनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, ाहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगां, सुक्षित राखां ।

बटेश्व गाउँपालिका,
धनुषा, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014